निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

मिति : २०७९ वैशाख २६ गते

वैशाख ३० गते सम्पन्न हुने स्थानीय तह सदस्य निर्वाचन, २०७९ लाई स्वच्छ, निष्पक्ष, पारदर्शी तथा भयमुक्त वातावरणमा सम्पन्न गर्न निर्वाचन आयोगले वैशाख २२ गते बिहीबारपछि गरेका मुख्य गतिविधि निम्न प्रकारका छन् :

१. वैशाख ३० गते सम्पन्न हुने स्थानीय तह सदस्य निर्वाचनको व्यवस्थापकीय कार्यलाई थप स्वच्छ, स्वतन्त्र, निष्पक्ष, सुरक्षित र भयरहित वातावरणमा सम्पन्न गराउन वैशाख ३० गते मतदानको दिन आन्तरिक रूपमा सञ्चालन हुने सबै प्रकारका यातायात बन्द गर्ने निर्णय आयोगले गरेको छ । निर्वाचन सम्बन्धी कुनै कार्यमा प्रयोग नहुने गरी एम्बुलेन्स, खानेपानीको ट्याङ्कर, दुध बोक्ने सवारी साधन, दमकल, दूरसञ्चार तथा केबल सेवा, शववाहन, अस्पतालका स्वास्थ्यकर्मीको आवागमनका लागि प्रयोग हुने साधन, अस्पतालमा कार्यरत परिचयपत्र प्राप्त चिकित्सकले प्रयोग गर्ने सवारी साधन, फोहोरमैला ओसारपसार गर्ने सवारी साधन, तरकारी फलफूल तथा विद्युत सेवा जस्ता अत्यावशक सेवा र नम्बर प्लेटमा सिडी उल्लेख भएको कुटनीतिक नियोगका सवारी साधनको हकमा सवारी अनुमतिपत्र लिनुपर्ने छैन ।

२. साथै स्थानीय तह निर्वाचन निर्देशिका २०७८ को दफा ७१ (मादक पदार्थ निषेध गर्ने) मा भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि मिति २०७९ वैशाख २७ गते मंगलबार राति १२ बजेदेखि मतदान कार्य सम्पन्न नभएसम्मको लागि तोकिएको क्षेत्रमा मादक पदार्थको बिक्री वितरण र सेवन कार्य सख्त निषेध गर्ने निर्णय आयोगले गरेको छ ।

३. स्थानीय तह निर्वाचनका लागि मतदान अधिकृतले मतपत्रमा हस्ताक्षर गर्दा सिसाकलम बाहेक कालो, रातो, निलो वा हरियो मसीमध्ये कुनै मसी प्रयोग भएको कलम/डट्पेनले हस्ताक्षर गर्ने व्यवस्था मिलाउन सबै मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरूलाई आयोगले निर्देशन दिएको छ ।

४. गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको बारेमा सञ्चार माध्यममा प्रकाशन भएको समाचार 'सरकारी गाडी चढेर काँग्रेसको कार्यक्रममा गण्डकीका मुख्यमन्त्री र मन्त्री' भन्ने समाचारप्रति आयोगको ध्यानकर्षण भएको छ । निर्वाचन आचारसंहिता, २०७८ को दफा ५ को खण्ड (क) अनुसार प्रदेश सरकार मुख्यमन्त्री वा मन्त्रीले आफैं उम्मेदवार भएको अवस्थामा बाहेक कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचार प्रसारमा संलग्न हुन् वा प्रचार प्रसार गर्न हुँदैन । प्रदेश सरकारको मुख्यमन्त्रीले सरकारी स्रोतको प्रयोग गरी चुनावी सभामा सहभागी हुनु निर्वाचन आचारसंहिता विपरित हो ? होइन ? तपाईंलाई निर्वाचन आचारसंहिता उल्लघङ्नमा किन कारवाही हुनु नपर्ने हो ? पत्र प्राप्त भएको मितिले तीन दिनभित्र आयोगमा प्राप्त हुनेगरी स्पष्ट जवाफ पेश गर्न आयोग निर्देश गर्दछ ।



"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्को गौरव"
" Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np

५. निर्वाचन आयोगले राष्ट्रिय भूमि आयोग, तहाचल, काठमाडौँका उपाध्यक्ष नहेन्द्र खड्का, राष्ट्रिय भूमि आयोग, चितवन जिल्लाका अध्यक्ष बद्री तिमिल्सिनालाई पत्र प्राप्त भएको मितिले तीन दिनभित्र जवाफ पेश गर्न भनेको छ । मिति २०७९ वैशाख २३ गते तिमिल्सिना र खड्काले निर्वाचन आचारसंहिता विपरीत मतदातालाई प्रत्यक्ष प्रभावित पार्न चितवनको भरतपुर-११ गणेस्थानमा भूमिको निस्सा बाँडेको भनी उल्लेख भएको समाचार विभिन्न सञ्चारमाध्यमबाट प्रकाशन भएकोप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । स्थानीय तह निर्वाचनको सम्भुखमा भरतपुरका मतदातालाई भूमिको निस्सा बाँडेको हो, होइन ? नेपाल सरकारबाट गठित आयोगले स्थानीय तह निर्वाचनको सम्मुखमा भूमिको निस्सा बाँड्दा निर्वाचन आचारसंहिता विपरीत हुन्छ, हुँदैन ? पत्र प्राप्त भएको मितिले तीन दिनभित्र आयोगमा प्राप्त हुने गरी स्पष्ट जवाफ पेश गर्न आयोगले निर्देशन दिएको छ । साथै राष्ट्रिय भूमि आयोगलाई मातहतबाट हुने भूमिको निस्सा वितरण सम्बन्धी सम्पूर्ण कार्य स्थानीय तह निर्वाचनको लागि निर्वाचन आचारसंहिता लागू रहने अवधिसम्म स्थगित गर्नहुन् निर्वाचन आयोगले अनुरोध गरेको छ ।

६. निर्वाचन आयोगले ७७ जिल्लाका मुख्य निर्वाचन अधिकृतको कार्यालय, ६७६ वटा निर्वाचन अधिकृतको कार्यालय, ७ वटा प्रदेश निर्वाचन कार्यालय र ७० वटा जिल्ला निर्वाचन कार्यालयलाई वैशाख ३० गते सम्पन्न हुने स्थानीय तह सदस्य निर्वाचनका लागि निर्वाचन प्रचार प्रसार तथा मतदाता शिक्षा कार्यक्रम अन्तर्गत निर्वाचन तथा मतदाता शिक्षा निर्देशिका तथा स्थानीय तह निर्वाचन निर्देशिकामा मतदान स्थलमा मतदाता सूचना कक्षको माध्यमबाट मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था भएकोमा मतदानको दिन (वैशाख ३० गते) उक्त कार्यक्रम नगरी मतदानको अघिल्ला दुई दिन (वैशाख २८ र २९ गते) मतदान स्थलहरूमा सम्बन्धित मतदान अधिकृतहरूको नेतृत्वमा खटिने मतदान टोलीबाट आयोगले उपलब्ध गराएका मतदाता परिचयपत्रको वितरण गर्ने र आयोगले उपलब्ध गराएका नमूना मतपत्र लगायतका पोष्टर, ब्रोसर आदि छपाई सामग्रीहरूको माध्यमबाट मतदान गर्ने सही तरिका गराउन निर्देशन दिएको छ ।

७. आयोगले गोरखापत्र दैनिकका प्रधान सम्पादकलाई मिति २०७९ वैशाख २२ गते गोरखापत्र दैनिकको पृष्ठ १ र २ मा प्रकाशित 'गठबन्धनप्रति इमानदार बन्न देउवाको आग्रह' शीर्षकको समाचारले कुनै राजनीतिक दल वा उम्मेदवारको पक्षमा प्रचारप्रसार गर्न खोजेको हो, होइन ? भन्दै तीन दिनभित्र स्पष्ट पार्न भनेको छ । यसैगरी गोरखापत्र दैनिकमै वैशाख २५ गते 'स्थानीय तह निर्वाचन-२०७९ विशेष स्तम्भमा प्रकाशित 'बागी उम्मेदवारको प्रभाव नगन्य छ' शीर्ष अन्तर्गत भरतपुर महानगरपालिकाको मेयरका उम्मेदवार रेनु दाहालको अन्तर्वार्ता छापिएको विषयप्रति आयोगको ध्यानाकर्षण भएको छ । आयोगले गोरखापत्रका प्रधानसम्पादकलाई पत्र प्राप्त भएको समयले चौबीस घण्टाभित्र सो विषयमा जवाफ पेश गर्न निर्देशन दिएको छ । निर्वाचन आचारसंहिता, २०७८ को दफा २२ मा सञ्चार प्रतिष्ठान, सम्बद्ध कर्मचारी तथा पत्रकारले पालना गर्नुपर्ने आचरण अन्तर्गतको खण्ड (ख) मा कसैको पक्ष वा विपक्षमा समाचार प्रकाशन वा प्रसारण गर्न नहुने र सोही आचारसंहिताको दफा ६ मा सार्वजनिक संस्था र सोमा कार्यरत कर्मचारीले पालना गर्नुपर्ने आचरण अन्तर्गत खण्ड (क) मा कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचार प्रसारमा संलग्न हुन वा प्रचार प्रसार गर्न नहुने व्यवस्था रहेको छ ।

सार्वजनिक संस्था र सोमा कार्यरत कर्मचारीले पालना गर्नुपर्ने आचरण अन्तर्गत खण्ड (क) मा कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचार प्रसारमा संलग्न हुन वा प्रचार प्रसार गर्न नहुने व्यवस्था रहेको छ ।

८. उदयपुर जिल्लाको चौदण्डीगढी नगरपालिकाले स्थानीय निर्वाचनमा मतदाताहरूलाई प्रभावमा पारी राज्यको स्रोतको दुरुपयोग गर्दै नगरपालिकाको वडा नं.९ लगायतको क्षेत्रमा नगरपालिकाकै गाडीको प्रयोग गरी टिनको जस्तापाता लगायतका सामग्रीहरू वितरण गरिरहेको व्यहोरोको उजुरी आयोगमा प्राप्त भएको छ । सो सम्बन्धमा चौबीस घण्टाभित्र स्पष्ट जवाफ उपलब्ध गराउन चौदण्डीगढी नगरपालिकालाई आयोगले निर्देशन दिएको छ ।

९. निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी र भयमुक्त बनाउनका लागि निर्वाचन प्रचार प्रसार गर्न पाइने अवधि, मौन अवधि तथा मतदानको दिनमा समेत निर्वाचन सम्बन्धी प्रचलित कानून तथा आचारसंहिताका व्यवस्थालाई व्यवहारिक रूपमा कार्यान्वयन गर्ने र गराउने सम्बन्धमा नेपाल सरकार, गृह मन्त्रालयमार्फत स्थानीय प्रशासन तथा सुरक्षा निकायलाई आयोगले मिति २०७९ वैशाख २५ गतेको निर्णय अनुसार १० बुँदे निर्देशन दिएको छ ।

१०. सेतोपाटी अनलाइनमा मिति २०७९ वैशाख २३ गते प्रकाशित समाचार 'वीरगञ्जमा दबंग नेता राजेशमानको सम्भावना धेरै, पछिपछि निवर्तमान मेयर सरावगी' भन्ने शीर्षकको समाचार प्रकाशित गरेको देखिएकोले उक्त समाचार तत्काल हटाउन आयोगले निर्देशन दिएको छ । निर्वाचन आचारसंहिता २०७८ को दफा ४ को खण्ड (ण) मा उम्मेदवारको मनोनयन दर्ता भएको मितिदेखि मतपरिणाम घोषणा नभएसम्म उम्मेदवार वा राजनीतिक दलको मतपरिणामको सम्बन्धमा मत सर्वेक्षण गर्न वा त्यस्तो सर्वेक्षण परिणाम घोषणा गर्न वा प्रकाशन गर्न नहुने व्यवस्था छ । सोही अनलाइनमै मिति २०७९ वैशाख २४ गते प्रकाशित समाचार 'गठबन्धनको सहयोगमा इटहरीको लालकिल्ला पहिलोपटक तोड्ने आशामा काँग्रेस' भन्ने शीर्षकको समाचार प्रकाशित भएको देखिएकाले तत्काल हटाउन आयोगले निर्देशन दिएको छ ।

११. वैशाख ३० गते सम्पन्न हुने स्थानीय तह सदस्य निर्वाचनका दिन बिहान ७ बजेदेखि मतदान कार्य सम्पन्न नभएसममका लागि मतदान हुने सबै मतदान केन्द्रहरूमा वर्षात्को पानीबाट मतदान कार्य र सो पश्चात मतगणना कार्य प्रभावित नहुनेगरी जोगाउन र निर्वाचन सामग्रीसमेतको सुरक्षा गर्न आवश्यक पर्ने पाल/त्रिपाल वा प्लाष्टिकको व्यवस्था गर्नका लागि सबै स्थानीय तहहरूले सम्बन्धित निर्वाचन अधिकृत, मतदान अधिकृत र प्रमुख जिल्ला अधिकारीहरूसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउन निर्वाचन आयोग ऐन, २०७३ को दफा ४० बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहहरूलाई निर्देशन दिने निर्णय आयोगले गरेको छ । साथै, सोको आवश्यक समन्वय एवम् सहजीकरणका लागि गृह मन्त्रालय मार्फत सबै प्रमुख जिल्ला अधिकारीहरूलाई निर्देशन गर्ने निर्णय गरिएको छ ।





कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np

प.सं. च.नं./Ref:

१२. स्थानीय तह सदस्य निर्वाचनको मौन अवधिमा (२०७९/०१/२७ गते राती १२:०० बजेदेखि) उम्मेदवार र उनीहरूका फ्यानहरूका फेसबुक, ट्वीटर, टिकटक लगायतका पेजहरूमा Sponsor पोष्ट हुन सक्ने भएकोले सबै उम्मेदवार तथा फ्यानहरूलाई मौन अवधि शुरु हुन अगाडि सामाजिक सञ्जालका त्यस्ता पेजमा भएका निर्वाचन आचारसंहिता विपरीतका चित्रहरू/पोष्टहरू हटाउन र नयाँ पोष्ट नगर्न निर्देशन दिन र सोको आवश्यक नियमन गर्न आयोगले नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिएको छ।

१३. स्थानीय तह निर्वाचनको मौन अवधिमा विभिन्न टेलिकम सेवा प्रदायक मार्फत Value Added Service (VAS) सेवा प्रदायकहरूबाट मौन अवधिमा कुनै पनि प्रचारप्रसार हुने प्रकृतिको Bulk SMS सेवा सम्बन्धी काम नगर्न सम्बन्धित VAS सेवा प्रदायकलाई नेपाल दूरसञ्चार प्राधिकरणमार्फत आयोगले आवश्यक निर्देशन दिएको छ।

१४. स्थानीय तह निर्वाचनमा सबै मतदाताको मताधिकार सुनिश्चित गर्न मतदान हुने दिन वैशाख ३० गते निजीक्षेत्र, विभिन्न संघ संस्था, निकाय, गैरसरकारी संस्था, बैंक तथा वित्तीय संस्था, सहकारी सबैलाई सो दिन बिदा दिन आयोगले आग्रह गरेको छ।

२०७९/०१/२६

शालिग्राम शर्मा पौडेल

(प्रवक्ता एवं सहसचिव)



"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्को गौरव"
" Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३। फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np